# फिक्कल गाउँपालिका

खाङ्साङ, सिन्धुली

३ नं. प्रदेश, नेपाल

| स्थानीय राजपत्र | | |
|---|---|---|
| खण्ड १ | संख्या : १ | मिति : २०७५/१२/१० |

भाग-१

## फिक्कल गाउँपालिका

### नगर प्रहरीसञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५

**गाउँ सभाबाट स्वीकृत मिति : २०७५/१२/७ प्रमाणीकरण मिति : २०७५/१२/१०**

## प्रस्तावना

नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन व्यवस्था गर्न वाञ्छनीय भएकोले, गाउँसभाले नेपालको संविधानको धारा २२६ (१) ले दिएको अधिकार प्रयोग गरी अनुसुचि ८ को १ मा भएको नगर प्रहरी संचालन सम्बन्धी कार्यलाई व्यवस्थित गरी फिक्कल गाउँपालिका भित्र कार्यान्वयन गर्न यो ऐन गाउँसभाबाट बनाई लागू गरिएको छ।

**परिच्छेद- १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो ऐनको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७५" रहेको छ।

ख. यो ऐन फिक्कल गाउँपालिकाको गाउँसभाद्वारा पारित गरी स्थानिय राजपत्रमा प्रकाशित भएको दिनबाट लागू हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगलेअर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "अध्यक्ष" भन्नाले फिक्कल गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले फिक्कल गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले फिक्कल गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले फिक्कल गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिकासम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले संघ र प्रदेश नं. ३ को मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "बिषयगत शाखा" भन्नाले फिक्कल गाउँपालिको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(झ) "वडा सचिव" भन्नाले फिक्कल गाउँपालिका अन्तरगतको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ञ) "वडा समिति" भन्नाले फिक्कल गाउँपालिकाको वडाहरुका समितिलाई सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले फिक्कलगाउँपालिकाको सदस्य सम्झनु पर्छ ।

(ठ) "गाउँसभासदस्य" भन्नाले फिक्कल गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष वडा अध्यक्ष कार्यपालिका सदस्य र वडा सदस्य समेतलाई जनाउनेछ ।

ड) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ढ) संविधान भन्नाले नेपालको संविधान २०७२सम्झनु पर्दछ ।

ण) "कार्यालय"भन्नाले फिक्कल गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

त) "नगर प्रहरी" भन्नाले फिक्कल गाउँपालिकामा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

थ) "भत्ता"भन्नाले फिक्कल गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

द) "आर्थिक वर्ष"भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ध) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

फ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगर कार्यप्रीलकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ब) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

भ "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३) यस ऐनको व्याख्या फिक्कल गाउँपालिकालेगर्ने :**

क) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) ऐनको बुँदा ३(क) को सम्वन्धमाफिक्कलगाउँकार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**४) नगर प्रहरी सेवाको गठन :**

फिक्कल गाउँपालिकाले एक नगर प्रहरी सेवासमुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या फिक्कल गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**५) गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :**

१)नगर प्रहरी सेवामा गाउँपालिकाले तोके बमोजिमको पद र तह रहनेछन् ।

२) फिक्कल गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धितपदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अकिार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद- ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) फिक्कल गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) फिक्कल गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परागत तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने

(५) बजारसरसफाईसम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने

(८) विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने

(१०) छाडा चौपायको नियन्त्रण गर्ने ।

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाईहटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । यस्तो निर्माण कार्य गरेको देखिएमा निर्माणकार्य रोक्का गरी कानूनशाखा मार्फत

निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शा पास भए नक्शा पासको प्रमाणपत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारचिज वस्तु बिक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुको मासु बिक्रि वितरणमा रोक लगाउने, अटेर गरेमा जफत गरी नष्ट गर्ने, साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथाजोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र समाजका विकृति हटाउने कार्य गर्ने, गराउने ।

(२०). फिक्कल गाउँपालिकाको समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) फिक्कल गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना तथा कारवाही गर्ने ।

(२३) फिक्कल गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४). नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप नचलेका पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) फिक्कल गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा राक लगाउने ।

(२७) फिक्कल गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल, एम्बुलेन्ससेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्तसहयोग कार्यमा पुऱ्याउने ।

(३१) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) फिक्कल गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) फिक्कल गाउँपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वियन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत वहन गर्ने ।

(३५) फिक्कल गाउँपालिका क्षेत्रमा रहेका वनजङ्गल जडीबुटी तथा वन्यजन्तुको संरक्षण तथा चोरी निकासीको नियन्त्रण गर्ने ।

(३६) फिक्कल गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद- ४

## तह विभाजन र पदपूर्ति

**७) नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया :**

१) फिक्कल गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँ कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण,प्रस्तावितपदले गर्नुपर्ने कामको विवरण, मौजुदादरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभासमक्ष पेश गर्नु पर्नेछ ।

**८) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु:**

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवा गरिनेछ ।

क) नगर प्रहरी हवल्दार

ख) नगर प्रहरी जवान

९) **नियुक्ति गर्ने अधिकारी**:पदपूर्ति समितिको सिफारिसमा फिक्कल गाउँ कार्यपालिकाको कार्यालयले प्रहरीकोनियुक्ति गर्नेछ ।

१०) नगर प्रहरी करार सेवाकोपदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गरिनेछ ।

११) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिगर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्तिपदमध्ये पैतालीस प्रतिशत पद छुटयाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवार बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गंराई पदपूर्ति गरिनेछ ।

क) महिला ३३ प्रतिशत

ख) आदिबासी/जनजाति २७ प्रतिशत

ग) सिमान्तकृत लोपउन्मुख २५

घ) दलित १५ प्रतिशत

**स्पष्टीकरण** :(१) यस ऐन को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, लोपउन्मुख, सिमान्तकृत र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेकामहिला, आदिवासी /जनजाति, मधेसीर दलितलाईसम्झनु पर्छ।

(२) उपबुँदाबमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेकामहिला, आदिवासी/जनजाति, लोपउन्मुख सिमान्तकृत र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाश गरी तोकिए वमोजिम हुनेछ। तर त्यसरी नतोकेसम्मको लागि जुन सुकै महिला, आदिवासी/जनजाति, लोपउन्मुख सिमान्तकृत र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।

(३) बुँदा(११) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ

(४) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातिकालागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाति भनी प्रमाणित भएको।

(५) मधेसीका लागि राष्ट्रिय मधेसी आयोगबाट मधेसीभनीप्रमाणित भएको।

(६) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको।

(७) बुँदा(११) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक(फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ।

(८) बुँदा (११) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ।

**१२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१) दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष नमाघेको ।

२) नगर प्रहरी हवल्दार रनगर प्रहरी पदको एस.एल.सी.एस.ई.ई.वा सो सरह उतिर्णगरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३) पदपूर्ति** समितिः फिक्कल गाउँपालिकाको नगर प्रहरीपदपूर्ति समितिनिम्नानुसार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत-अध्यक्ष,

(ख) योजना तथा प्राविधिक विकास शाखा प्रमुख-सदस्य,

(ग) प्रशासन शाखा प्रमुख-सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिकालागि छनौट प्रकृयामा नजिकैको प्रहरीकार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नियमावलीको बुँदाबमोजिम१२ पदपूर्तिको लागिप्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपालप्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रमाहेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिनेछ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्तीपरीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारिण नतिजाप्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृतप्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सा सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्न आवश्यकता अनुसार नियमावलीगतनिर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राष्ट्रिय वा स्थानियस्तरको पत्रीकामा सूचना प्रकासित गर्नु पर्नेछ ।

**१५) योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्तगरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) नियमावलीको बुँदा १५(१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र फिक्कल गाउँकार्यपालिकाले नियुक्ति/सम्झौतापत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) नियमावलीको बुँदा १५(३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीयअधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१६) जेष्ठताक्रम कायम गर्ने**

(१) नगर प्रहरीजेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्तगरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्तसूचीस्वतः खारेज हुनेछ ।

**१७) परीक्षणकालमा राखिने :** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालराखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ ।

(२) ऐनको बुँदा १७(१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौतागर्ने अधिकारीले अवकाश दिनेछ ।

**१८) नियुक्ति सदर :**

(१)ऐन को बुँदा१७(१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीकोसन्तोषजनककामभएमा नगर प्रहरीआधारभूत तालिममा उत्तीर्ण भएमानेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र फिक्कल गायँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौता सदर गरिनेछ ।

(२) ऐनको बुँदा१८ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद- ५

### फिक्कल गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**१९) फिक्कल गाउँपालिका प्रशासनको नियन्त्रण रहने :** नगरप्रहरीको आन्तरिक व्यवस्था वाहेकसमस्त नगर प्रहरी गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगतजिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

## परिच्छेद- ६
## विदा

**२०) विदा अधिकारको कुरा होइन**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) **विदाको किसिमहरु** : नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

१) भैपरी आउने र पर्व विदा

२) किरिया विदा

३) प्रसुती विदा

(४) प्रसुति स्याहार विदा

(५) विरामी विदा

**२१) विदा स्वीकृत नगराईघर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने:**

(१)यस ऐन वमोजिमविदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यालयमाहाजिर हुन पाउने छैन ।

(२) ऐन(१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ ।

तर विदाको निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

२२) **भैपरी/पर्व विदा** (१:) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीलेविदाको स्वीकृति लिई रहन नभ्याएमा विदा बसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा बसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव पाउनेछ ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**२३) किरिया विदा :**

(१) नगर प्रहरी कर्मचारीआफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) किरिया विदा लिन मृत्युदर्ता प्रमाणपत्र तथा नाता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**२४) प्रसूती विदा** :(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) प्रसूती विदा सेवाअवधिभर दुई पटक मात्र दिइनेछ साथै फिक्कल गाउँपालिकाले दिएकोसुविधा उपभोग गर्न पाउनेछ ।

६) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक राख्नुपर्नेछ ।

**२५) प्रसूती स्याहार विदा** (:१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरि पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ ।

३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक राख्नुपर्नेछ ।

५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्वन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

२६) **बिरामी विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामीबिदापाउने छ ।

**२७) बिदा दिने अधिकारी:**

सम्पुर्ण प्रकारका विदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

२८) **बिदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोविदानै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

२९) **सार्वजनिक विदा गाभिने :** भैपरीआउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेकाप्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदापछिकार्यालयमाहाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा पाउने अरु विदामा वसेको मानिनेछ ।

३०) **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदास्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगरप्रहरी कर्मचारीलाई गयल र तलबकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**३१) विदा लिने विधि :**

(१) यस परिच्छेदवमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाकोअवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्तआफू हाजिर रहेको शाखामार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपदफा (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तजबीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहाय बुँदामामा लेखिएवमोजिमकुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्तपरेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेकोथियो भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृत हुन गई त्यसको फलस्वरुप विदा निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

३२) **विदाको अभिलेख** : विदादिने अधिकारीले आफ्नो मातहतका सबै नगरप्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

३३) **निकासा लिन नभ्याएमा** : कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्थापर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

३४) **गयल खाली जनाउने** : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ फिक्कल गाउँपालिकाप्रशासनशाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफुले सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ ।सो प्रतिवेदन उपर छानविन र जाँच पडताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा

सम्बन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती व्यहोरा लेखि पठाउन सक्नेछ ।

३५) **भुठो कारण देखाएमा सजाय हुने :** कुनैनगर प्रहरी कर्मचारीले कुनै भुठो कारण देखाई विरामी विदा,किरिया विदा र प्रसूती विदा लिई **बसेको** ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको **भागी** हुनेछ ।

३६) **तालिम अवधिमा विदा वस्ने वारे :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिमअवधिभर सार्वजनिक विदा र किरिया विदावाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद ७

## आचरण

३७) **दान उपहार लिंन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै नगर प्रहरी र निजको परिवारका सदस्यस मेतल फिक्कल गाउँपालिका पूर्व स्वीकृती विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार कोसेली उपहार स्वीकार गर्नु हुदैन ।

३८) **चन्दा लिन नहुने :** कुनैनगर प्रहरी कर्मचारीले फिक्कल गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता पाउने काममा समेत भाग लिन हुँदैन ।

३९) **स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने :** गाउँपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यकोनाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्नेभएमा फिक्कल गाउँपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

४०) **सम्पत्तिको विवरण दिनुपर्ने :** (१) हाल वहालमा रहेको नगरप्रहरी कर्मचारीले यो ऐन् लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति

भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र फिक्कल गाउँपालिकाको तोकिएको कर्मचारीसमक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

क). आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण

ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

२. ऐनको दफा ४३ कोउपदफा१ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

३. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४१) व्यापार व्यवसाय गर्न नहुने :** कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**४२) फिक्कल गाउँपालिकामा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** नगरप्रहरी कर्मचारीलेगाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तहवा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागज प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरुअनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**४३) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगरप्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै प्रकाशित लेख गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

४४) **फिक्कल गाउँपालिकाको आलोचना** : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिकोबिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिकाकोगाउँपालिका बासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना प्रकासित गर्नु हुँदैन ।

४५) **निर्वाचनमा भाग लिन नहुने** : नगरप्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनभाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

४६) **राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्वन्धित संस्थाकोसदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले सहयोग गर्न, आफ्नो प्रभाव पार्न हुँदैन ।

४७) **समय पालन र नियमितता** : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमाहाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

४८) **अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सवै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

४९) **नगर प्रहरी कर्मचारीलेबाहिरी प्रभाव पार्न नहुने** : प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

**५०) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध :** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद- ८
## सजाय र पुनरावेदन

**५१) सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने ।

३. तलव वृद्धिरोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५२) नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगरप्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहतदिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धि प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**५३) दर्जा र तलब घटाउने :** कुनैनगर प्रहरी कर्मचारीलाई देहायक अवस्थामा सजाय गर्ने अधिकारीलेपद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लोस्कलमा ओराल्न सक्ने,फिक्कल गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक कामे नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणउल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारणदेखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**५४) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायकाअवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरीकर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) बराबर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिनेफौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरि हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा

**५५) सजाय सम्बन्धी व्यवस्था :** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघिकारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफनो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचनामा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस नियमावली वमोजिमको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजाय सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ, जाँचबुझ गर्ने अधिकारीले आवश्यक्ता अनुसार सम्बन्धित नगर प्रहरी कर्मचारीको राय समेत बुझी कारणसहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत निलम्वित हुनेछ ।

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुर ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी फिक्कल गाउँपालिकामा कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

**५६) सजायको आदेश दिने :** जाँचबुझकोकाम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**५७) सेवाको अन्त गर्ने :** (१)कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामानिजको सेवा अन्त गर्नुपर्दा ऐन र यस नियमावली वमोजिमको प्रक्रिया अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

(२) यस नियममा अन्यत्र जे कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैवि प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामापरीवा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरीकर्मचारीलाई सेवाबाट अवकाशदिईनेछ र निजलेकार्यपालिकाले तोके बमोजिमको एकमुष्ट सुविधा पाउनेछ ।

(३) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहाय वमोजिमका समिति रहने छ

(१) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(२) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल-सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत- सदस्य सचिव

(४) उपनियम (३) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नोकर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परीभएको हो वा होइन भन्ने निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

## परिच्छेद ९

## तलब, भत्ता

**५८) तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब पाउनेछ ।तलव नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।

**५९) टाइम स्केल :**(१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केललेखिएको न्यूनतम तलब पाउने छ ।अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा गाउँपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै

माथिल्लो स्थानमा तोक्न सक्नेछ । योग्यता असधारण भएका व्यक्ति हरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

६०) कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब पाउने छैन ।

## परिच्छेद १०
## निमित्त

**६१) निमित्त भई काम गर्ने व्यवस्था :**

(१) एक महिना ननाघ्ने गरी कुनै कारणले नगर प्रहरीको नेतृत्व तहकोपदाधिकारी अनुपस्थित भएमा सबभन्दा जेष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेकोअवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

**६२) एक पदमा एक व्यक्तिमात्र कायममुकायम वा कार्यवाहक हुने:** कुनैएक पदमा एक समयमा एकभन्दा वढीव्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

**६३) काम गरेको अवधिको तलब भत्ता:** (१)कुनै पदमाकार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरीकर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब पाउने छ । तर पन्ध्र दिन कम भन्दा समयकार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब दिइने छैन र पन्ध्र दिन बढी अवधि कार्यवाहक वा निमित्तभई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेव तलबदिइने छ ।

## परिच्छेद ११
## तालिम

६४) **तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन फिक्कल गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

६५) **तालिम संचालन हुने स्थान :** गाउँपालिकालेतोकिएको स्थानमा हुनेछ ।

६६) **तालिमको अवधि :** नगर प्रहरी सेवाका सबैको तालिमको अवधि फिक्कलल गाउँपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।

६७) **तालिमको अनिवार्यता :**(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसारतालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाहि देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएकोमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ ।

६८) **तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न प्रमुखप्रशासकीय अधिकृत समेत रहने एकसमितिको गठन हुनेछ ।

६९) **प्रशिक्षार्थीले पाउने सुविधा :** (१)फिक्कल गाउँपालिकाले बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदाजाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

७०) **तालिम सफल भएमा :** देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिमहुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु करारमा नियूक्तीका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामानियुक्तिको लागि योग्य हुनेछन् ।

**७१) समिति गठन हुने** : ऐनको ६९ र ७० मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुखप्रशासकीयअधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले ठहरवमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

**७२) प्रारम्भिक पोशाक** (१:) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिमको प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुकोलागिचाहिन प्रारम्भिक पोशाक फिक्कल गाउँपालिकाले दिनेछ ।

**७३) तालिममा सामेल गराउने संख्या** : नगरप्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्नेगरी प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय भए अनुसार तालिम लिने नगर प्रहरी कर्मचारीहरु तोकिनेछन् ।

**७४) आन्तरिक तालिम** : एकैपटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदासाधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १२
## पोशाक

**७५) नगर प्रहरी पोशाक** : नगरप्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**७६) जाडो मौसमका लागि दिइने पोशाक** : प्रत्येकनगर प्रहरी कर्मचारीलाई पोशाक, आवश्यक सामान र जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि दुई सेट पोशाक उपलव्ध गराईनेछ ।

**७७) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा** : नगरप्रहरी कर्मचारीलाई तयारी पोशाक वितरणगर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाईज्याला दिइनेछ ।

७८) **नगर प्रहरीको पोशाकसट्टा भर्ना :** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाकनिश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृतगरे बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद १३

## अवकाश र उपदान

७९) **अनिवार्य अवकाश** :( १) यो ऐन जारी भएपश्चात नियुक्तिभएका देहायका नगर प्रहरी कर्मचारीको देहायवमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान ५५ वर्ष

(२) उमेरको हदवा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारी सेवाबाट अवकाश पाउने छ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुनेछैन तर तल्लो पदमा नोकरीकोअवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्ल पदको अवधि नै लागू हुनेछ ।

**स्पष्टीकरण** : नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहायबमोजिम गरिनेछ :

क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा निजको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

ख) त्यस्तो अभिलेख नभएमा निजलेनोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(४) यस यस ऐनवमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

८०) **उपदान** : नगर प्रहरी कर्मचारीले प्राप्त गर्ने उपदान तथा सुविधा गाउँपालिकाले लागु गर्ने कर्मचारी सेवा, शर्त र सुविधा सम्वन्धि विनियमावली बमोजिम हुनेछ ।

८१) **पारिवारीक उपदान :** ( १) नगर प्रहरी कर्मचारीको नोकरीमा छदै मृत्यु भएमा सेवा प्रवेश गर्दा सिटरोलमा कर्मचारीलेइच्छाएको व्यक्तिलाई वा प्रचलित कानुन अनुसार नजिकको हकवालालाई नियमानुसार हुन आउने उपदान दिइनेछ ।

## परिच्छेद १४
## विविध

८२) **विभागीय आदेशर निर्देशन :** यस ऐनको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम गर्ने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

८३) **पुरस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहतका कार्यालयका नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तब्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन्:

८४) **चाडपर्व खर्च पाउने:**नगरप्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकमप्रत्येक वर्षचाडपर्वखर्चको रुपमा पाउनेछ ।

८५) **अन्य सुविधा तथा व्यवस्था :** (१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो ऐनमा जुनसुकैकुरा लेखिएको भए तापनि ऐन जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

(३) **यो** ऐनजारी भए पश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला **विज्ञापन** तर्फ पदपूर्ति गरेपछि सेवा करारमाऐन जारी हुँदाको बखत **कार्यरत** बाहेकनगरप्रहरी राखिने छैन ।

**८६) बाधा अड्काउ फुकाउः** फिक्कल गाउँपालिकाको कार्यालयमा **कार्यरत** नगर प्रहरी कर्मचारीहरुकोसेवा, शर्त, सुविधा र संचालन यस **ऐनमाव्यवस्था** भएको हदसम्म यसै नियमावली बमोजिम हुनेछ । यस **ऐनमाव्यवस्था** नभएका विषयहरुको हकमा नेपाल प्रहरीनियमावली, **२०७१** बमोजिमहुनेछ।

**८७) ऐनसंशोधनः** यस ऐनमाआवश्यक संशोधनफिक्कल गाउँपालिकाको गाउँसभाद्वारा गर्नसक्नेछ ।